# न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल)
# आठौं वार्षिक साधारण सभामा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन
# (आ.व.२०७५/७६)


**प्रस्तुतकर्ताः**

**अधिवक्ता पंकजकुमार कर्ण**

**महासचिव**


१० असोज, २०७६ (२७ सेप्टेम्बर २०१९)

## १. पृष्ठभूमिः

आ.व. २०७५/७६ मा न्याय तथा अधिकार संस्था–नेपाल (जुरी- नेपाल) द्वारा सम्पन्न गतिविधि, सम्पादित काम, त्यसको प्रभाव र वर्तमान अवस्था तथा संस्थाको भावी कार्यक्रमसहित वार्षिक कार्यप्रगति प्रतिवेदन यस संस्थाको आठौं बार्षिक साधारण सभामा प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

मानव अधिकार, लैंगिक न्याय, कानूनको शासन, संक्रमणकालिन न्याय, एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक हक र अधिकार एवं सुशासनको क्षेत्रमा क्रियाशील पेशाकर्मीहरु एकजुट भई फरक तरिकाले योगदान पुऱ्याउने उद्देश्यका साथ २०६८/५/२० मा स्थापित जुरी–नेपालले स्थापनाको करिब आठवर्षको अवधि सफलतापूर्वक सम्पन्न गरेको छ । यस कार्यकारी समितिको यस आ.व.मा चारवटा बैठकहरु बसेका छन् । आजको साधारणसभाबाट यस आ.व.मा सम्पन्न भएका गतिविधिहरुको समीक्षा गर्नुका साथै आगामी दिनमा अझै संस्थालाई कसरी अघि बढाउन सकिन्छ भन्ने विषयमा सदस्यज्यूहरुबाट रणनीतिक सुझाव प्राप्त हुनेछ भन्ने आशा गरेको छु ।

यस आर्थिक बर्षमा जुरी-नेपालले आफुलाई थप संस्थागत गर्दै यसको विधानमा उल्लेखित उद्देश्यहरु हासिल गर्नेतर्फ थप प्रयासहरु भएका छन् । संस्थाको कार्यक्षेत्रलगायत, विभिन्न निकाय तथा संघसस्थाहरुसँगको सहयोग, सहकार्य र साझेदारी बढ्दै गएको छ । समस्त संस्थापक, आजिवन तथा सम्पूर्ण सदस्यज्यूहरु तथा सल्लाहकारज्यूहरुको सल्लाह, सहयोग एवं संस्थाका सबै  कर्मचारी मित्रहरुको महत्वपूर्ण सहयोगले संस्थाले तय गरेको पाँच वर्षे रणनीतिक योजनामा केन्द्रित संस्थागत कार्यक्रम तथा संस्थाद्वारा सञ्चालित विभिन्न परियोजनामार्फत सम्पन्न विभिन्न गतिविधिहरु सहितको प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## २. <u>दैनिक कार्यालय सञ्चालन तथा व्यवस्थापनः</u>

जुरी- नेपालले आफ्नै साधन श्रोत र स्वयंसेवकीय रुपमा गर्दै आएका गतिविधिमा सहयोग पुर्याउन तथा सस्थाको रणनीतिक उद्देश्य कार्यान्वयनमा सघाउन विभिन्न सहयोगी संस्थाहरुसंग साझेदारी गर्दै परियोजनाहरु सञ्चालन गर्दै आएको छ । यस आर्थिक वर्षमा केही परियोजनाहरु सकिएको अवस्था छ भने केही नयाँ परियोजनाहरु थपिएका छन् र केही परियोजनाहरुले निरन्तरता पाएका छन् । जसअन्तर्गत गर्भनेन्स् फेसिलिटीको सहयोग तथा सञ्चारिका समूह नेपाल र इह्किनसँगको सहकार्यमा सञ्चालन हुदै आएको *न्यायमा पहुँच अभिवृद्धि परियोजना* २०७५ कार्तिक (अक्टोबर २०१८) मा सम्पन्न भएको, युनिसेफको सहयोग तथा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयसँगको समन्वयमा *लैंगिक हिंसा रोकथाम तथा बाल संरक्षण परियोजना* २०७६ चैत्र (मार्च २०१९) मा सम्पन्न भएको थियो भने भने सि.आर.आर.संगको साझेदारीमा सञ्चालन भएको *नेपालमा प्रजनन् स्वास्थ्य अधिकार तथा न्याय प्रवर्द्धनपरियोजना* गत २०७६ वैशाखमा सम्पन्न भएको व्यहोरा जानकारी गराउँदछु ।

यस बिचमा आई.एम.स्वीडिस् डेभलपमेन्ट  पार्टनरसंगको साझेदारीमा सन् २०१६ देखी सञ्चालन हुदैं आएको मानवीय मर्यादा प्रवर्द्धन परियोजनाको पहिलो चरण २०७५ पौष ९ (डिसेम्बर ३१) मा सम्पन्न भयो र दोश्रो चरणको परियोजना ५ वर्ष (२०१९-२०२३) को लागि सम्झौता भई सञ्चालन भई रहेको छ, त्यसै गरि ओ.एस.एफ संग नयाँ सम्झौता भई नयाँ परियोजना यसै वर्षबाट सञ्चालनमा आएको छ भने

यु.एन. ओमनसंग नयाँ कार्यक्रमको सम्झौता भई यही साउन महिना (अगष्ट २०१९) बाट सञ्चालन भई रहेको व्यहोरा जानकारी गराउन पाँउदा खुसी लागेको छ ।

उल्लेखित परियोजनाहरुको सञ्चालनमा कार्यकारी समितिको महत्वपूर्ण योगदान रहँदै आएको छ । विभिन्न परियोजना तथा दैनिक गतिविधि सञ्चालन र अनुगमनका लागि कार्यकारी निर्देशकको संयोजकत्वमा गठित कार्यक्रम व्यवस्थापन समिति तथा संस्थामा सञ्चालित विभिन्न परियोजनाका संयोजक तथासम्पूर्ण कर्मचारी मित्रहरुको सहयोगले जुरी नेपालद्वारा लक्षित अधिकाँश गतिविधिहरु तोकिएको समयमै सम्पन्न भएका छन् ।

यस प्रतिवेदनमा संस्थागत विकासअर्न्तगत सम्पन्न गतिविधि र पाँच वर्षे रणनीतिअर्न्तगतका विभिन्न चारवटा रणनैतिक क्षेत्रमा केन्द्रित संस्थागत तथा परियोजनागत गतिविधिहरु समावेश छन् । संस्थागत तथा कुनै परियोजना विशेषको थप गतिविधिको विषयमा अध्ययन गर्न इच्छुक सदस्य महानुभावज्यूहरुले सम्वन्धित गतिविधि तथा परियोजनाको प्रतिवेदनसमेत पाउनहुने व्यहोरासमेत अवगत गराउन चाहन्छु । यस प्रतिवेदनमा कुनै कार्यक्रम, विषय तथा विवरण छुट वा त्रुटी हुन गएमा यहाँहरुबाट प्राप्त सुझावका आधारमा परिमार्जन गरी अन्तिम रुप दिने व्यहोरा पनि अनुरोध गर्दछु ।

## ३. संस्थागत विकास अर्न्तगतका गतिविधिहरुः

संस्थागत विकास तथा संस्थागत गतिविधिहरुलाई प्रभावकारी रुपमा अघि बढाउन संस्थाको नीतिगत तर्जुमा तथा सल्लाहसुझाव प्रदान गर्न यस आर्थिक वर्षमा कार्यकारी समितिका ४ वटा बैठकहरु सम्पन्न भएका छन् । संस्थाको श्रोत वृद्धी गर्न विभिन्न सहयोगी संस्थाहरुमा अवधारणा पत्र तथा प्रस्तावनाहरु लेखेर पेश गरिएको थियो । संस्थाको कार्यकारी निर्देशक तथा कर्मचारीहरुले विभिन्न विषयमा तालिमहरुमा भाग लिएर संस्था सञ्चालनका विविध पक्षमा ज्ञान वृद्धी गर्ने अवसर मिलेको थियो । आर्थिक, सामाजिक तथा साँस्कृतिक राष्ट्रिय सञ्जालको सचिवालयलाई संयोजन गर्ने  दुई बर्षे अवधि समाप्त भएर थप एक वर्षको लागि सचिवालयको संयोजन गर्ने भूमिका थप भएको छ । यस अवधिमा संस्थाद्वारा सञ्चालित विभिन्न परियोजनाका गतिविधि सञ्चालन र सहजीकरणका लागि महत्वपूर्ण निर्णयहरु गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु । संस्थागत विकासअर्न्तगत देहायबमोजिम विभिन्न कार्यहरु सम्पन्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।

### ३.१) कार्य समितिको पदाधिकारीको जिम्मेवारीमा हेरफेरः

कार्यसमितिका कोषाध्यक्ष श्री ईन्दिरा शंकर ज्यूले व्यक्तिगत कारणले देश वाहिर रहनु पर्नाले संस्थाको कोषाध्यक्षको जिम्मेवारी अगाडि बढाउन असमर्थ भएको हुनाले पदबाट राजिनामा दिनु भएको हुँदा कार्यसमितिको निर्णयबाट सो रिक्त पदमा संस्थाको सदस्य श्री रुक्मिनी  महर्जनज्यूलाई चयन गरिएको थियो । त्यसैगरी कार्यकारी सदस्य श्री टेक ताम्राकारज्युले कार्यसमितिको सदस्या रहन नसक्ने जानकारी २०१९ को मे ३ मा दिनुभएकोले सो पद हालसम्म खाली नै रहेको व्याहोरा जानकारी गराउदछु । यो आर्थिक वर्षमा नयाँ सदस्यको लागि कुनै माग नआएको हुँदा नयाँ सदस्य थप नभएको व्यहोरा पनि जानकारी गराउँदछु ।

**३.२) संस्थाको विभिन्न परियोजनाको खर्च बाँडफाँड नीति (-Shared Cost Policy)_तर्जुमा :** संस्थाले सञ्चालन गर्ने विभिन्न परियोजना तथा संस्थाको आन्तरिक कोषसंग सम्बन्धित खर्चहरुलाई पारदर्शि एवं व्यवस्थित बनाउन सहयोगी संस्थाबाट खर्च बाँडफाँड नीति (Shared Cost Policy) तर्जुमा  गर्नुपर्ने

सल्लाह/सुझाव प्राप्त भएकोले सो नीतिको मस्यौदा तयार गरि साझेदार संस्था आई.एम.स्विडिस डेभलपमेन्ट पार्टनरलाई समेत पेश गरिएको थियो । त्यसैले उक्त नीतिलाई निर्णयार्थ पारित गरियोस् भनि यसै साधारण सभामा पेश गरिएको छ । सो मस्यौदालाई अनुसूचि खण्डमा समावेश गरिएको छ ।

**३.३) विभिन्न परियोजना प्रस्तावनाको तयारी :**
जुरी नेपालले तय गरेका विभिन्न चारवटा रणनीति अर्न्तगतका गतिविधिहरुको निरन्तरता तथा नयाँ अवधारणापत्र तयार गरी विभिन्न दातृ निकायमा पेश गर्ने कार्यलाई सक्रियता साथ निरन्तरता दिईएको छ । यस अवधिमा एम्प्लीफाई चेन्ज, ओ.एस.एफ, यु.एन. ओमन का तीनवटा र युरोपियन युनियनका २ वटा, डिफिड र आई.एम. स्विडिस डेभलपमेन्ट पार्टनर (निरन्तरताका लागि नयाँ प्रस्तावना पत्र), गर्ल फस्ट फण्डगरि जम्मा ११ वटा परियोजनाका लागि अवधारणा पत्र/प्रस्तावनाहरु तयार गरी दातृ निकायहरुमा पठाइएको थियो । त्यसमध्ये माथि उल्लेख गरिए अनुसार ओ.एस.एफ, यु.एन.ओमन र आई.एम.मा पेश गरिएको परियोजना स्विकृत भएको र युरोपियन युनियनको एउटा प्रस्तावना  अन्तिम चरणको नतिजा आउन बाँकीरहेको छ ।

**३.४)  संस्थागत योगदान र विकासअर्न्तगतका गतिविधिहरु**

**सार्वजनिक सरोकारको मुद्दामा सफलता एवं निरन्तरता :**

क) **लैंगिक न्याय सुनिश्चिताका लागि जवर्जस्ती करणीमा हदम्याद तथा नयाँ मापदन्डलाई चुनौति दिइएको मुद्दामा सरकारलाई नयाँ कानून तर्जुमा गर्न आदेश जारी :** २०७३ को मंसिरमा हदम्याद गुज्रेको भन्दै १२ वर्षीया बालिका बलात्कार भएको घटनाको जाहेरी प्रहरीले नलिएपछि जुरी नेपालले केही अधिकारवादी संघसंस्थासँग सहकार्य गर्दै यसविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । आफ्नै शिक्षकबाट एकवर्षसम्म पटकपटक बलात्कृत भएकी ती बालिकाको घटना शिक्षक सरुवा भएर अन्यत्र गएपछिमात्र सार्वजनिक भएको थियो । बालिका बलात्कृत भएको घटना सार्वजनिक भएको समय ६ महिना गुज्रिएकाले हदम्याद नाघेको भन्दै २०७३ साल असोज १३ गते  जिल्ला प्रहरी कार्यालय लमजुङले जाहेरी दरपीठ गरेको भन्दै जुरी नेपाललगायतका संस्थाहरुले सर्वोच्चमा रिट दायर थिए । बालिकालाई यौन रोगलगायत अन्य समस्या भएर उपचारका लागि लैजाने क्रममा यो घटना बाहिर आएको थियो । जुरी नेपालको संयोजनमा सर्वोच्चमा २०७३/८/२४ मा दायर रिट निवेदनमा कानुनी सक्षमताको उमेर पुरा नगरेका र जवर्जस्ती करणीका पीडितको हकमा यो हदम्यादलागु नगर्न अर्थात कानुनी सक्षमताको उमेर पुरा नगर्दासम्म निष्कृय तथा निलम्बित अवस्थामा रहेको घोषणा गर्न माग गरिएको यस रिटमा बालबालिकाको हकमा विद्यमान हदम्यादको विषयमा आवश्यक कानून तर्जुमा गर्न सरकारको नाउँमा यही २०७६ भदौमा निर्देशनात्मक आदेश जारी भएको छ । यो रिट निवेदन जुरीको संयोजनमा महिला कानून तथा विकास मञ्च र ल्याक लगाएतका संस्थाले संयुक्त रुपमा दायर गरेका हुन ।

ख. **मदिराजन्य पदार्थका कारण श्रृजित लैंगिक हिंसा अन्त्यको लागि सरकारको जवाफदेहीता माग गर्दै रिट निवेदन दायर** : मदिरा बिक्रि वितरणले लैंगिक हिंसामा पारेको नकारात्मक असर र मदिराको गैरकानूनी उत्पादन तथा विक्रि वितरणबाट बढदै गएको लैंगिक हिंसा तथा मदिराको विज्ञापनमा महिलालाई भोग्य वस्तुको रुपमा प्रस्तुत गर्ने पद्दति बढ्दै गएको कारण लैंगिकजन्य हिंसा तथा घरेलु हिंसा रोकथाम तथा अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन, तथा विद्यमान कानूनमा आवश्यक संशोधन एवं नयाँ कानून निर्माणका माग गर्दै मिति २०७४।०८।२४ मा दायर

रिट निवेदनमा समेत विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनका लागि सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ ।

ग. **बलात्कारजन्य अपराध नियन्त्रणका लागि सरकारको जवाफदेहीता अभिवृद्धिका लागि रिट निवेदन दायर :** नेपालको संविधानले प्रत्याभुत गरेको हिंसाबाट भुक्त भई सम्मानपूर्वक बाँच्न पाउने महिलाको हकको उपभोगमा ठूलो चुनौतीको रुपमा रहेको बलात्कारजस्तो जघन्य अपराध दिनदिनै बढदै गएको सर्न्दभमा विभिन्न निकायमा ध्यानाकर्षण गर्दा समेत कार्यकारी तहबाट कुनै पहलकदमी नभएपछि लैंगिक हिंसाजन्य अपराधको रोकथाम तथा नियन्त्रण एवं यस सन्दर्भमा विद्यमान रहेको दण्डहिनताको अवस्थालाई अन्त्य गरी व्यवहारिक रुपमा नै लैङ्गिक हिंसाविरुद्द शुन्य सहनशिलताको अवस्था सृजना गरी हिंसावाट मुक्त भई निर्भय रुपमा मर्यादित तथा सम्मानपूर्वक बाँच्न पाउने हकको सवै महिला, किशोरी तथा वालिकाहरुले उपभोग गर्न सक्ने अवस्था सृजना गर्न ठोस कार्ययोजना सहितका ठोस उपाय अवलम्वन गर्न विपक्षीलाई जवाफदेही बनाउन संविधानको धारा ३३(२) बमोजिम परमादेश लगायत उपयुक्त आज्ञा आदेश पूर्जी जारी गरी पाँउ भन्दै मिति २०७५।०३।२१ मा दायर रिट निवेदन अन्तिम सुनुवाइको अवस्थामा रहको छ । उक्त रिटमा ल्याक, सञ्चारिका समुह तथा इह्किनका प्रतिनिधि समेत निवेदकको रुपमा रहेका छन् ।

घ) **एसीडजन्य अपराध नियन्त्रणका लागि एसिडको विक्रि वितरणमा नियमनका लागि सरकारको नाउँमा आदेश जारी** : लैगिकजन्य हिंसाका प्रकारको रुपमा विशेषगरी युवती र महिलालाई केन्द्रित गरी एसिडजन्य हिंसाका घटनाहरु बढदै गएको सर्न्दभमा एसिडको बिक्रि वितरणलाई व्यवस्थित गर्नुका साथै एसीडबाट पिडितको उपचार ज्यादै महंगो हुने भएकोले सर्वसाधारणले उक्त उपचार प्राप्त गर्नमा समेत कठिनाई भएको सर्न्दभमा सजाय तथा पिडितलाई उपचारको सुविधा उपलव्ध गराृउन आवश्यक कानूनमा संशोधनका लागि माग गरी दायर गरिएको रिटमा सर्वोच्च अदालतले एसीडको विक्रि वितरणलाई व्यवस्थित गर्न तथा पिडितको संरक्षणका लागि आवश्यक उपाय अपनाउन सरकारका नाउँमा आदेश जारी गरेको छ ।

ङ) **चिकित्सकीय लापरवाहीमा पिडितलाई १५ लाख क्षतिपूर्ति भराउने आदेश** : काभ्रे निवासी ध्रुब कुमार विश्वकर्माले आफ्नो नावालक छोरा आलोक बरालको स्वास्थ्य उपचारको क्रममा कान्ति बाल अस्पतालले लापरवाहीपूर्ण तरिकाले सेवा उपलव्ध गराउँदा आफ्नो छोरा अपांगता भएकोले निशुल्क कानूनी सहयोग उपलव्ध गराइ पाउँ भनी गरेको आग्रह बमोजिम जुरीको तर्फबाट निशुल्क कानूनी प्रतिनिधित्व गरिएको चिकित्सकीय लापरवाहीसम्वन्धी मुद्दामा जिल्ला क्षतिपूर्ति समिति काठमाडौंबाट पिडितलाई रु.१५ लाख कान्ति बाल अस्पतालबाट भराउने निर्णय भएकोमा उक्त रकम मागदावी भन्दा ज्यादै कम भएको भनी पाटन उच्च अदालतमा दायर भएको मुद्दामा शुरु जिल्ला क्षतिपूर्ति समितिबाट भएको क्षतिपूर्तिलाई नै सदर गर्नेगरी फैसला भएको छ । उक्त मुद्दामा जिल्ला क्षतिपूर्ति समितिको उजुरीदेखि नै जुरीका लाीग अधिवक्ताद्वय विष्णुप्रसाद पोखेल र शसी बस्नेतले निरन्तर बहस पैरवी गरेका छन् ।

च) **बाल विवाह, बहुविवाह, जबरजस्ती करणी तथा मानव बेचविखन तथा ओसारपसार विरुद्दको मुद्दामा जुरीको सहयोग :**

सुनसरी गढी गाउँपालिका-७ सतेरझोडाकी १३ बर्षीया ममता मरिकको १२ बर्षमा सिराहा जिल्ला गोलबजार मुसानियाका ३५ वर्षीय प्रकाश मरिकसँग रु ८० हजार पैसा लिएर ममताकी फुपुले

ममताको विहे गराइदिएको र निज प्रकाश मरिकको जेठी श्रीमतीले छोरी जन्माएपछि निजले ममतासंग बालविवाह तथा बहुविवाह गरी १२ बर्षकी बालिकालाई छोरी जन्माएको भनि घरबाट निकालेको भन्ने समाचारहरु मिति २०७५।०१।३० मा विभिन्नसञ्चार माध्यममा प्रकाशमा आएको थियो । सोही समाचारको आधारमा निज प्रतिवादीले ममतासंग बालविवाह, बहुविवाह, जबरजस्ती करणी तथा निज ममता मरिकलाई किनेको साथै ममता मरिकले पनि छोरी नै जन्माएपछि छोरा नजन्माएको भन्दै कुटपिट गरी घर निकाला गरेको अपराध विरुद्ध जुरी नेपालमा कार्यरत अधिवक्ताद्वय विष्णुप्रसाद पोखेल र शसी बस्नेतले जाहेरीवाला भै मुद्दा दर्ता गरेका थिए । विचाराधिन रहेको उक्त मुद्दामा जाहेरवालाको तर्फबाट बकपत्रका लागि अनुरोध भएकोमा संस्थाको सहयोगमा अधिवक्ता शशी बस्नेतले सिरहा जिल्ला अदालत गई बालिकाको पक्षमा बकपत्र समेत गर्नुभएको छ।

## ४.जुरी-नेपालद्वारा सञ्चालित विभिन्न परियोजनाअर्न्तगत सम्पन्न भएका गतिविधिहरु

### ४.१. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र सामाजिक न्याय अर्न्तगतका गतिविधिहरु

### ४.१.१ मानवीय मर्यादा प्रवर्द्धन परियोजना (दोश्रो चरण) का गतिविधिहरु र प्रभावः

आई.एम. स्विडी्स डेभलपमेन्ट पार्टनरको सहयोग तथा सहकार्यमा सञ्चालित यस परियोजनाले गत एक वर्षमा सम्पन्न गरेका कार्यको विवरण यस प्रकार छन् ।

क) २०७५ भाद्र १५ गते जुरी-नेपालले काठमाडौंमा दलित सेवा संघसंग साझेदारी गरेर अनिवार्य तथा निःशुल्क शिक्षा विधेयकमाथी विज्ञहरुको परामर्श कार्यक्रमको आयोजना गरेको थियो । त्रिभुवन विश्वविद्यायलका प्राध्यापकहरु लगायत सरकारी निकाय र नागरिक समाजका विज्ञहरुको सुझाव संकलन गरि विधेयकमा संशोधनका लागि पत्र तयार गरिएको थियो ।

ख) २०७५ सालमा जुरी-नेपालले विभिन्न संघ संस्थासंग साझेदारी गरेर संविधानले प्रत्यभूत गरेका मौलिक हकसंग सम्बन्धित विधेयकहरुमा परामर्श कार्यक्रमहरुको आयोजना गरी विभिन्न ९ वटा विधेयकहरुमा सुझावहरु तयार गरि मिति २०७५ भाद्र २१ गते सम्माननीय सभामुख कृष्ण बहादुर महरालाई पेश गरिएको थियो । सुझावहरु पेश गरिएको विधेयकहरुमा १. अनिवार्य तथा निःशुल्क शिक्षा विधेयक २. खाद्य तथा खाद्य सम्प्रभूता विधेयक, ३ः आवासको अधिकार सम्बन्धी विधेयक ४. भूमी ऐन (२०२१) लाई संशोधन गर्न बनेको विधेयक, ५. गोपनियताको हक सम्बन्धी विधेयक, ६. जातीय विभेद तथा छुवाछुत (कसुर र सजायँ) ऐन २०६८ लाई संशोधन गर्न बनेको विधेयक । ७. बालवालिका सम्वन्धी विधेयक, ८. सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकारसम्वन्धी विधेयक, ९. रोजगारीको हकसम्वन्धी विधेयकहरुमा संशोधनको लागि आवश्यक परामर्श तथा सुझाव संकलन गर्ने उद्देश्यले जुरी-नेपालले खास गरि नागरिक समाजका संगठन तथा सभासद्हरुसंग विभिन्न चरणमा परामर्श कार्यक्रमहरुको आयोजना गरेको थियो ।

ग) २०७५ जेष्ठ २१ गते स्वान नेपाल र जुरीले संयुक्त रुपमा लमहीमा भूमी ऐन (२०२१) लाई आठौ संशोधन गर्न बनेको विधेयक माथि सरोकारवालाहरुसंग परामर्श तथा सुझावहरु संकलनका लागि एक परामर्श कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा दाङ, कपिलवस्तु र बाँके जिल्लाका भूमी अधिकारका क्षेत्रमा पैरवी गर्ने संघसंस्थाहरुको उपस्थिती थियो ।

घ) जिल्लास्थित साझेदारहरुको स्थलगत भ्रमणलाई यो वर्ष पनि निरन्तरता दिईयो । यस क्रममा २०७५ पौष २ र ३ गते नवलपुर जिल्लाको दुई गा.पा.का पदाधिकारी तथा नागरिक समाजका प्रतिनिधीहरुसंग पैरवी रणनीति योजना निर्माण गरियो र दुवै गा.पा.मा स्थानीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सञ्जाल निर्माण गरिएको थियो । दुवै गा.पा.मा पैरवी रणनीतिको बार्षिक योजना निर्माण गरियो र स्थानीय सरकार लगायत विभिन्न निकायमा पैरवी गर्ने निर्णय गरिएको थियो ।

ङ ) जिल्लास्थित साझेदारहरुलाई प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धी गतिविधीहरु सञ्चालन गरिएको थियो । यस क्रममा २०७५ पौष २ र ३ गते नवलपुर जिल्लाको दुई गा.पा.का पदाधिकारी तथा नागरिक समाजका प्रतिनिधीहरुसंग पैरवी रणनीति योजना निर्माण गरियो र दुवै गा.पा.मा स्थानीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सञ्जाल निर्माण गरिएको थियो । त्यसै गरि २०७६ ज्येष्ठ ३०-३२ गते गोर्खाको अजिरकोट गा.पा.मा भ्रमण गरि 'पैरवी रणनीति योजना तर्जुमा गोष्ठी' सञ्चालन गरि पैरवी रणनीति योजना निर्माण गरिएको थियो । त्यसै गरि २० श्रावण २०७६ मा लमही, दाङ्ग स्थित स्वानका कार्य समिती, सदस्य तथा कर्मचारी, विभिन्न सन्जालका सदस्यहरु, स्वानका हरुको क्षमता अभिवृद्धि लगायत एक वर्षको रणनीति निर्माण गर्नुका साथै पैरवी गर्नका लागी क्षमता अभिवृद्धि गरीयो र फलस्वरुप मेड, नेपाल कृषि उत्पादक सन्जालका सदस्यहरुले पैरवी मार्फत् सामुदायिक भवनका लागी रु. ८ लाख, पानीको सुविधको लागी रु. ७ लाख, ढाका व्यवसाय प्रवर्धनका लागी ८ लाख रकम अजीरकोट गाउँपालिकाले छुट्याएको छ ।

च) कर्मचारीहरुलाई क्षमता अभिवृद्धीको तालिम :

यस अवधीमा आई.एम. स्विडीस् डेभेलप्मेन्ट पार्टनरसँग साझेदारी सञ्चालित मानवीय मर्यादा अभिवृद्धी परियोजनामार्फत् ४ जना कर्मचारीहरुलाई वित्तिय तथा प्रशासनिक कार्य सम्पादनका क्षेत्रमा क्षमता अभिवृद्धीको तालिममा सहभागिता गराईएको थियो ।

छ) दाङ स्थित लमही न.पा. नर्तीमा बसोबास गर्ने लालपुर्जा विहिन बसोबासीको अवस्थाको अध्ययन :

जुरी-नेपालका उपाध्यक्षको नेतृत्वमा एक समुहले गत कार्तिक १३-१५ गते दाङ जिल्लाको भ्रमण गरि लमही न.पा.को नर्तिमा बषौंदेखी बसोबास गरेका तर लालपुर्जा प्राप्त नभएर समस्या भोग्दै आएका १३ परिवारको स्थलगत अध्ययन गरेको थियो । यस सम्बन्धमा थप जानकारी लिनको लागि नापि कार्यालय, जिल्ला प्रशासन कार्यालयमा समेत भ्रमण गरिएको थियो ।

ज) पत्रकारहरुलाई तालिमः

जुरी, नेपाल र जागरण मिडीया सेन्टर को संयुक्त आयोजनामा पत्रकारहरुलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरु सम्बन्धि तालिम प्रदान गरीयो । साथै, महीला, यूवा तथा सिमान्तकृत समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरु सम्बन्धि सवालहरु पहीचान तथा मिडीयामा उक्त सवालहरुको उजागरका लागी पत्रकारहरुको एक संजाल पनि स्थापना गरीयो । जसले महीला, यूवा तथा

सिमान्तकृत समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरु सम्बन्धि सवालका समाचारहरु बाहीर ल्याउने काममा मद्दत गर्दै आइरहेको छ ।

झ) भूमि सम्बन्धि ऐन, २०२१ को आठौं संशोधन विधेयकमाथि संवाद

स्वान, दाङ्गको सन्चालन र जुरी नेपालको प्राविधिक सहयोगमा दाङ्गको लमहीमा, भूमि सम्बन्धि ऐन आठौं संशोधन विधेयकमाथि एक दिने संवाद कार्यक्रम सम्पन्न भयो र उक्त कार्यम्रममा प्रदेश सांसद देखि स्थानीय पत्रकारहरु, भूमि अधिकार मन्चका प्रतिनीधि तथा अन्य सामाजिक संस्थाका प्रतिनीधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा अधिकारसँग सम्बन्धित सरोकारवालाहरुलाई भूमि अधिकार र पैरवी सम्बन्धि जानकार गराइएको थियो । सहभागीहरुले भूमि सम्बन्धि सवालहरुमा प्रदेशका सम्पूर्ण सरोकारवालाहरु ऐक्यबद्ध भएर लाग्ने प्रतिबद्धता गरका थिए ।

ञ) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरु सम्बन्धि राष्ट्रिय संजालको चौथों वैठक

२०७६ साल असार १० गते, युनियन हाउस, अनामनगर, काठमाडौंमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरु सम्बन्धि राष्ट्रिय संजालको सचिवालय संस्था जुरी, नेपालको आयोजनामा २७ जना भन्दा बढीको सहभागीतामा सम्पन्न भएको थियो । उक्त बैठकमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरु सम्बन्धि राष्ट्रिय संजालमा आबद्ध सत्र नयाँ सदस्य संस्था सहीत अन्य संस्थाको उपस्थिति रहेको थियो । बैठकमा सञ्जालले हालसम्म गरेका कार्यहरुको जानकारी, ईएससिआर समितिमा नेपालको चौंथो आवधिक प्रतिवेदन पठाउने मिति र छाँया वा वैकल्पिक प्रतिवेदन पठाउने बारे छलफल, सञ्जालको सदस्यता विस्तार, प्रदेश तहमा सञ्जालको विस्तार र संचरना निर्माण (प्रदेश ५), सञ्जालहरुको क्षमता अभिवृद्धी, जानकारी पत्र निर्माण तथा पैरवी रणनीति पत्र तर्जुमा, सञ्जालको सचिवालय परिवर्तन आदी विषयवस्तु माथि छलफल तथा निर्णय भएको थियो ।

ट) खानेपानीमाथि पहुँचको विषयमा वकालत तथा पैरवी :

जुरी-नेपालको साझेदार संस्था सिडको कार्यक्षेत्र दंगीशरण गाउँपालिका, दाङ्ग, वार्ड नं. २ मा खानेपानीको अत्यन्त्यै अभाव भएकोले जुरी नेपालले सिड, दाङ्गको सहयोगमा दंगीशरण गाउँपालिका, वार्ड नं.२ दाङ्गका जनप्रतिनीधि तथा समुदायसँग विभिन्न चरणमा छलफल गरी, समुदाय तथा सिडका कर्मचारीलाई वकालत तथा ध्यानाकर्षण पत्र तयार गर्न र जनप्रतिनीधिलाई सो ध्यानाकर्षण पत्र बुझाउनेका लागी विभिन्न चरणमा निरन्तर प्राविधिक सहयोग गरीएको थियो । हाल दंगीशरण गाउँपालिकाले वार्ड नं. १ र २ का लागी एक करोड रुपैयाँ बजेट विनियोजन गरेको अवस्था छ ।

ठ) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार राष्ट्रिय संजालको परिचालन तथा गतिविधिहरु :

- यसको सुरुवात देखिको सचिवालयको रुपमा जुरी नेपाल रहेकोमा २०७६ असार १२ गते बसेको संजालको चौंथो बैठकले यसको सचिवालय थप दुई वर्षका लागि जुरी नेपालमै राख्ने निर्णय गरेको छ । सञ्जाल स्थापना हुँदाका बखत ७ बाट थप भई ११ रहेकोमा २०७६ असार १२ गते बसेको संजालको चौंथो बैठकले १६ नयाँ सदस्य संस्थाहरु थप गरेको छ ।संजालको चौंथो बैठकले निर्णय

गरे अनुसार यसको कार्य निर्देशिका बनीसकेको छ । हालसम्म संजालले भूमि अधिकार तथा पानीको सवालमा राष्ट्रिय स्तरमा वकालत तथा पैरवी गर्दै आइरहेको छ ।

### ४.१.२ न्यायमा पहुँच अभिवृद्दि परियोजना अर्न्तगतका गतिविधिहरुः

क) **परियोजनाको अन्तिम प्रतिवेदन तयारी** : १ नोभेम्बर, २०१५ देखि ३१ अक्टोबर, २०१८ सम्म सञ्चालन भएको परियोजनाको अन्तिम प्रतिवेदन तयारी गरी गर्भनेन्स फसिलिटीमा पेश गर्ने कार्य यसै अवधिमा सम्पन्न भएको छ ।

ख) **परियोजनाको उपलब्धि तथा सिकाइ सम्वन्धी प्रकाशन** : परियोजनाको अवधिमा सम्पन्न भएका मुख्य मुख्य गतिविधि र ती गतिविधिले पारेको सकारात्मक प्रभाव तथा सिकाईसम्वन्धी परियोजनाको प्रकाशन यसै अवधिमा सम्पन्न गरी विभिन्न निकायमा उपलव्ध गराइएको छ । न्यायमा पहुँच अभिवृद्धिका क्षेत्रमा यस परियोजनाले थालेका केही सकारात्मक अभियानहरु (लैंगिक हिंसाविरुद्द ३६५ दिने अभियान, फैसला निगरानी सभा, समुदायको पहुँच न्यायपालिकासम्म, सामुदायिक कानूनी सूचना तथा सहयोग केन्द(क्ल्याक) को स्थापनाजस्ता महत्वपूर्ण अभियानको सुरुवात यसै परियोजनामार्फत शुरु गरिएको छ ।

ग) **सार्वजनिक सरोकारसम्वन्धी मुद्दामा बहस पैरवीका लागि निरन्तरता** : यस परियोजनाको सहयोगमा दायर गरिएका विभिन्न मुद्दामा संस्थाका अध्यक्ष तथा परियोजनामा संलग्न अधिवक्ताहरुले निरन्तर पैरवी गर्दै आएका छन् । यस अर्न्तगत जवर्जस्ती करणीमा हदम्याद तथा नयाँ मापदन्डलाई चुनौति दिइएको मुद्दामा सरकारलाई निर्देशनात्मक आदेश जारी गरिएको छ । त्यसैगरी मदिराको गैरकानूनी उत्पादन तथा विक्रि वितरणबाट बढदै गएको लैंगिक हिंसा तथा मदिराको विज्ञापनमा महिलालाई भोग्य वस्तुको रुपमा प्रस्तुत गर्ने पद्दति बढ्दै गएको विषयमा दायर मुद्दामा पनि सरकारलाई निर्देशनात्मक आदेश जारी भएको छ । त्यसैगरी चिकित्सकीय लापरवाहीमा पिडितलाई १५ लाख क्षतिपूर्ति भराउने आदेशसम्वन्धी मुद्दामा १५ लाख भराउने जिल्ला क्षतिपूर्ति समितिको फैसलालाई नै सदर गर्नेगरी फैसला भएको छ । त्यसैगरी नेपालको संविधानले प्रत्याभुत गरेको हिंसाबाट भुक्त भई सम्मानपूर्वक बाँच्न पाउने महिलाको हकको उपभोगमा ठूलो चुनौतीको रुपमा रहेको बलात्कारजस्तो जघन्य अपराध दिनदिनै बढदै गएको सर्न्दभमा दायर गरिएको रिट अन्तिम सुनुवाईको क्रममा रहेको छ ।

### ४.१.३ नेपालमा प्रजनन् स्वास्थ्य अधिकार तथा न्याय अभिवृद्धि परियोजना :

क. **बाल विवाह अन्त्यका लागि स्थानीय रणनीतिका लागि वकालतः** सि.आर.आर.को सहयोगमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको संयोजनमा तथा सम्वन्धित जिल्लाका जिल्ला समन्वय समितिसँगको सहकार्यमा परियोजना लागु भएका पाँचवटा जिल्लामा बाल विवाह अन्त्यका लागि स्थानीय निकायहरुको भूमिका विषयक कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा बाल विवाह अन्त्यका लागि प्रत्येक जिल्लाका छनौट गरिएका पाँचवटा स्थानीय निकायका उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र जनप्रतिनिधि एवं जिल्लास्थित सरकारी तथा नागरिक संस्थाका प्रतिनिधि सहभागी भएको उक्त कार्यक्रममा स्थानीय निकायहरुलाई बाल विवाह अन्त्यको रणनीति तर्जुमाका लागि सहयोग गर्नु र उनिहरुको जवाफदेहीता अभिवृद्धिका लागि नागरिक दवाव दिनु रहेको थियो ।

उपरोक्त सबै कार्यक्रममा सम्वन्धित जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो भने कार्यक्रममा जुरी नेपालको तर्फबाट वालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ को प्रभावकारी कार्यान्वयनका विषयमा विद्यमान कानून र नीतिको आवश्यकता र रणनीतिको कार्यान्वयनका विषयमा प्रस्तुति गरिएको थियो भने सम्वन्धित जिल्लाका समन्वय समितिका स्थानीय समन्वय अधिकारीहरुले रणनीति कार्यान्वयनको अवस्था र चुनौतिका विषयमा प्रस्तुति गरेका थिए । कार्यक्रमको विस्तृत विवरण सम्वन्धित परियोजना प्रतिवेदनमा संलग्न गरिएको छ ।

**ख.बालविवाह सम्बन्धमा विज्ञ परामर्श बैठक :** व्यवस्थापिका संसदका सदस्य तथा केही सरकारी निकायका प्रतिनिधि एवं जुरी नेपाल र सि.आर.आर.का प्रतिनिधिको सहभागितामा बालविवाह सम्बन्धमा विज्ञ परामर्श बैठक ३० जेठ, २०७६, ललितपुरमा समपन्न गरियो । उक्त कार्यक्रमको उद्देश्य बालविवाह अन्त्यको प्रयासका विषयमा छलफल गर्ने र उनिहरुको भूमिकाका विषयमा छलफल गर्नु रहेको थियो । बैठक शिक्षा तथा स्वास्थ्य समितिका सभापति माननीय जयपुरी घर्तीको अध्यक्षतामा बसको थियो । बैठकमा महिला बालबालिका समितिका सदस्य, शिक्षा तथा खेलकुद समितिका सदस्य र मानव अधिकार तथा कानून समितिका सदस्यहरु गरि २३ जनाको सहभागितामा रहेको थियो । उक्त बैठकमा अधिवक्ताद्वय शर्मिला श्रेष्ठ र विष्णुप्रसाद पोखेलले प्रस्तुत गरेका थिए भने कार्यक्रमको सहजिकरण कार्यकारी निर्देशक बसन्तप्रसाद अधिकारीले गरेका थिए । कार्यक्रममा वालविवाह अन्त्यका लागि बाधक तत्वका विषयमा छलफल गर्नुका साथै पाँचवटा जिल्लाको अवस्थाको विषयमा प्रस्तुति तथा छलफल गरिएको थियो ।

ग. **बालविवाह अन्त्यकालागि कानुनको परिमार्जन र जवाफदेहितासम्वन्धी अन्तर्क्रिया कार्यक्रम :**

व्यवस्थापिका संसदका सदस्य, सरकारी निकायका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि एवं जुरी नेपाल र सि.आर.आर.का प्रतिनिधिको सहभागितामा बालविवाह अन्त्यकालागि कानुनको परिमार्जन र जवाफदेहिता विषयक अन्तर्क्रिया कार्यक्रम ३ असार, २०७६, काठमाडौं समपन्न गरियो । उक्त कार्यक्रममा ३९ जनाको सहभागिता रहेको थियो । कार्यकमममा, अधिवक्ता शर्मिला श्रेष्ठले नेपालमा बालविवाह विरुद्ध परिवर्तित कानुनको स्वरुप र सुधारका क्षेत्रहरुका विषयमा, बालविवाहको अवस्थार असर, बाल विवाहले पार्ने आर्थिक असर र क्षति, बाल विवाह सम्वन्धी अर्न्तराष्ट्रिय कानून, संबैधानिक तथा कानूनी प्रावधानहरु र कानून संशोधनका क्षेत्रहरु, वकालत र सुझावहरु प्रस्तुति गर्नुभएको थियो । बाल विवाहमा मिलापत्र गराउने काममा प्रहरी नै सक्रिय रहेको, बालबालिका सम्वन्धी ऐनको दफा ४८ मा पिडितको संरक्षण र गवाहको संरक्षणको आवश्यक पर्ने कानून बनाउनु पर्ने, प्रहरी प्रशासनलाई उजुरी दर्ता गर्नुपर्ने बाध्यात्मक व्यवस्था नभएसम्म बाल विवाह अन्त्यमा कठिनाई रहने, बाल विवाह पिडित र साक्षीलाई राहतको व्यवस्था गरीनुपर्ने लगाएतका विषयमा छलफल भएको थियो ।

### ४.१.४ जुरी-नेपालको लैंगिक हिंसा न्यूनीकरण तथा बाल संरक्षण सहयोग परियोजना

क. स्थानीय तहका जनप्रतिनिधिहरुलाई लैंगिक हिंसा निवारण र बाल संरक्षण सम्बन्धि अभिमुखीकरण सम्पन्न गरेको जसमा १५ पालिकाबाट ५८ जना जनप्रतिनिधिहरु प्रत्यक्ष लाभान्वित भएका थिए ।

ख.. सात वटा प्रदेशको पायक पर्ने आठवटा जिल्ला सदरमुकाममा (मोरङ, सर्लाही, रसुवा, कास्की, दाङ, हुम्ला, मकवानपुर र डडेल्धुरा) मा करिव ३७० जना स्थानीय तहका जिसस प्रमुख, उपप्रमुख, मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष, कार्यकारी अधिकृत लगाएतका प्रतिनिधिहरुलाईस्थानीय योजना तर्जुमा, महिला तथा बालबालिकाको अधिकार र योजना प्रक्रिया सम्बन्धि दुईदिने अभिमुखीकरण सम्पन्न गरेको छ । यसैगरी परियोजनाले आठवटा जिल्लाहरुमा ३४३ जना स्थानीय तहका महिला तथा बालबालिकाको क्षेत्रमा कार्य गर्ने कर्मचारीहरुका लागि लैंगिक हिंसा निवारण तथा बाल संरक्षण र योजना तर्जुमा सम्बन्धि दुई दिने अभिमुखीकरण सम्पन्न गरेको छ ।

ग. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र महिला विभागसंगको सहकार्यमा लैंगिक हिंसा सम्बन्धि १६ दिने अभियान सम्पन्न भएको छ । साथै लैंगिक हिंसा सम्बन्धि निती बनाउने र नेपालीमा उल्था गर्ने कार्य सम्पन्न भएको छ । विभिन्न जिल्लामा संचालित लैंगिक हिंसा तथा बाल विवाह न्यूनीकरण सम्बन्धि तालिमका सिकाईहरु, लैंगिक हिंसा अन्त्यका लागि पुरुष संलग्नता सम्बन्धि पुस्तक प्रकाशन गर्ने कार्य भएको सम्पन्न भएकोछ । साथै सात दिने प्रशिक्षक प्रशिक्षण म्यानुयल तयारी गर्ने कार्य पनि सम्पन्न भएको छ । यसैगरी ११५ जना महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने कर्मचारी र पदाधिकारीहरुलाई सर्भिस डाइरेक्टरी र रिफरल मेकानिजम सम्बन्धि अभिमुखीकरण सम्पन्न भएको छ । यसैगरी महिला तथा बालबालिकाको क्षेत्रमा कार्य गर्ने कर्मचारीहरुका लागि दुईवटा लैंगिक हिंसा र बाल संरक्षण प्रशिक्षक प्रशिक्षण तालिम दिइएको थियो । जसबाट ५८ जना कर्मचारीहरु लाभान्वित भएका छन्।

घ. बहुक्षेत्रिय पोषण कार्यक्रमसंगको सहकार्यमा पोषण कार्यक्रम लागू भएको कार्यक्षेत्रमा स्थानीय प्रतिनिधिहरुलाई पोषण संवेदनशील लैंगिक हिंसा निवारण, बाल संरक्षण सम्बन्धि दुईदिने आवासीय २ वटा अभिमुखीकरण सम्पन्न गरेको थियो । यसैगरी यस परियोजनाले १० जिल्लाका ३२७ जना विभिन्न स्थानीय तहका प्रतिनिधिहरु, पालिकाका स्वास्थ्य स्वयंसेविका, सामाजिक परिचालक र महिला संस्था, आमा समूहहरुलाई पोषण संवेदनशील लैंगिक हिंसा निवारण तथा बाल संरक्षण सम्बन्धी गैर आवसीय दुई दिने तालिम सम्पन्न गरेको थियो ।

ङ. यसैगरी महिला विभाग र यूनिसेफको संयुक्त आयोजनामा यस परियोजनाको सिकाई सम्बन्धि कार्यशाला, काठमाडौंमा सम्पन्न भएको थियो । उक्त कार्यशालामा परियोजनाका विभिन्न जिल्लामा कार्यरत महिला विकास अधिकृतहरुलाई समेत राखी सफलता र सिकाई सम्बन्धि अनुभव साटासाट गरिएको थियो । यसैगरी परियोजना अवधिमा १० वटा अनुगमन सम्पन्न भएको थियो ।

### ४.१.५ मानव अधिकार प्रवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार संस्थाहरुको प्रभावकारीता सम्बन्धि परियोजनाको संक्षित जानकारी

सन् १ जुलाई २०१९ देखि ३० जुन २०२१ सम्मको अवधिको संभ्कौता भएको यस Effective NHRIs for Advancing Human Rights (ENAHR) (मानव अधिकार प्रवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार संस्थाहरुको प्रभावकारीता) परियोजनाले १ जुलाईदेखि गतिविधी सुरु गरेको छ । यस परियोजना अन्तर्गत हाल सम्म भएका गतिविधिहरु यस प्रकार रहेका छन् ।

- परियोजनाको सञ्चालनका लागि आवश्यक कर्मचारीहरु नियूक्त भएको ।

- परियोजनाको कार्यक्रम सञ्चालनका लागि विभिन्न स्थानीय तह र राष्ट्रिय तहबाट स्वीकृति लिने कार्य प्रारम्भ  गरेको छ ।

**४.१.६ एमनेस्टी इन्टरनेशनल र सामुदायिक आत्म निर्भर केन्द्रसँगको सहकार्यमा भएका गतिविधिहरु**

- एमनेष्टी इन्टरनेसनल साउथ एशियाको सहयोगमा खाद्य, भुमि तथा  आवासको अधिकारसम्बन्धी विधेयकहरुको विज्ञ टोलीबाट अध्ययन गरी सम्बन्धीत विज्ञ तथा सरोकारवालासँग विभिन्न चरणमा परामर्श गरी आएका सुझावहरुलाई सम्माननीय सभामुख श्री कृष्ण बहादुर महरा र कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्री माननीय श्री भानुभक्त ढकाललाई बुझाइएको थियो ।
- त्यसैगरी एमनेस्टी इन्टरनेशनलले आवासको हक र भुमि सम्बन्धी हक सम्बन्धमा गरेको टिप्पणी उपर समिक्षा गरी सुझाव दिने र सो टिप्पणीहरुलाई एमनेस्टी इन्टरनेशल, जुरी नेपाल र सामुदायीक आत्मनिर्भर केन्द्रको संयूक्त व्यानरमा कार्यक्रम गरी सार्वजनिक गर्ने कार्य सम्पन्न भएको छ ।
- बुटवल उपमहानगरपालिका तथा नेपालका विभिन्न नगरपालिकाहरुले सार्वजनिक जग्गामा बसोबास गरेका नगरिकका घरटहराहरु विना कुनै विकल्प जवरजस्ती भत्काई उठीबास लगाउने घटनाहरु बृद्धी भएको सन्दर्भमा, नेपालको संविधान र आवासको हक सम्बन्धी ऐन २०७५ को मर्म र भावना बमोजिम, जवरजस्ती उठीबासबाट बाच्नपाउने नागरिकको हकको सम्मान र संरक्षणका लागि एमनेस्टी इन्टरनेशनल नेपाल, सामुदायीक आत्मनिर्भभर केन्द्र, महिला एकता समाज र जुरी नेपालले संयुक्तरुपमा शहरी विकास मन्त्री माननीय श्री मोहमद इस्तीयाक राईलाइ भेटगरी स्मरण पत्र बुझाइएको थियो । त्यसको दुइदिन पछि बुटवलका पिडित समुदाय र नगरपालिका बिच सहमती भै तत्काल राहतका लागि प्रति घरधुरी रु २५,००० उपलब्ध गराउने र जनता आवास कार्यक्रमबाट आवासविहिनको घर निर्माण गरिदिने सहमती भएको छ ।

४.१.७. मानव अधिकार तथा न्याय केन्द्रसँगको सहकार्यमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले द्वन्द्वकालिन समयका मुद्दाहरुमा गरेका सिफारिसहरुको कार्यान्वयनका लागि सार्वजनिक  सरोकारको मुद्दा तयार गरी सम्मानित सर्वोच्च अदालतमा दायर गर्ने कार्यक्रम अर्न्तगत    सार्वजनिक सरोकारको रिट निवेदनको मस्यौदा तयार गरिएको छ । उक्त विषयमा अन्तिम मस्यौदाका   लागि परामर्श भइरहेको छ ।

**यस आ.व. (२०७६/०७७) मा सम्पन्न गरिने र्गीतिविधिहरु :**

हाल संचालनमा रहेका तीन वटा परियोजना अर्न्तगत यस आर्थिक बर्षमा गरिने देहायका गतिविधिहरु पारित गरिदिनुहुन यस साधारण सभामा प्रस्तुत गर्दछु । **यसका अतिरिक्त** नयाँ परियोजनाका लागि प्रस्ताव अगाडि बढाउने, विभिन्न संस्थाहरुसंग सहकार्यहरुका लागि पहल गरिनेछ ।

**१. मानवीय मर्यादा प्रवर्द्धन परियोजना (दोश्रो चरण) का गतिविधिहरु**

- वालविवाह, महिला तथा यूवाको आर्थिक सशक्तिकरण, निःशल्क तथा अनीवार्य शिक्षा, नागरिक समाजका संगठनहरुको भूमिका सम्बन्ध संघीय तथा प्रादेशिक कानुनहरुको पुनरावलोकन् तथा आलोचना गर्ने र स्थानिय तहका साझेदार संस्थाहरुलाई सहयोग गर्ने ।
- साझेदार संस्थाहरुलाई वालिकामैत्री शिक्षा, स्वच्छ व्यवसाय, जमिन, महिला र यूवा मैत्री कानुन तथा नितीहरु को पूनरावलोकनका लागी प्राविधीक सहयोग गर्ने ।

- नागरीक संस्थाका प्रतिनीधिहरु सँग राष्ट्रिय स्तरको निती पूनरावलोमा आदान प्रदान तथा पृष्ठपोषण का लागी कार्यशाला तथा परामर्श कार्यक्रम ।
- निःशल्क तथा अनीवार्य शिक्षा, वालिकामैत्री विद्यालय, आर्थिक समावेशीकरण, महिला तथा यूवा व्यवसाय र सरकारी सेवा तथा सुविधामा  पहुँच अभिवृद्धिका लागी राष्ट्रिय पैरवी अभियान ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा मानव अधिकारमा पैरवीको लागी प्रतिनिधित्व ।
- प्रदेश नं. ५ मा पारित भएका कानुन तथा नितीहरुको पूनरावलोकन ।
- छानिएको एउटा गाउँपालिकाको अधिकारमुखि अवधारणबाट क्षमता अभिबृद्धि गर्ने ।
- शिक्षा अधिकार, आर्थिक सशक्तिकरण र प्रजनन् अधिकारको अभ्यास तथा कार्यान्वयनको सम्बर्धनको लागी नमुना गाउँपालिकालाई कानुन तथा निती निर्माणमा प्राविधीक सहयोग गर्ने ।
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार राष्ट्रिय सञ्जाललाई सचिवालय सहयोग ।
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार राष्ट्रिय सञ्जालको पोर्टल निर्माण ।
- नागरिक समाजको भूमिका सम्बन्धी नीति विश्लेषण र प्रसारण कार्यशाला ।
- राष्ट्रिय साझेदार बिच समन्वयात्मक बैठक ।

**२. सुदुरपश्चिम प्रदेशमा निर्वाचित महिला प्रतिनिधिको क्षमता अभिवृद्धि, समावेशीता अभिवृद्धिसम्वन्धी परियोजना : यस परियोजना अर्न्तगतका गतिविधिहरु नेपाल दलित समाज कल्याण संघसंगको सहकार्यमा सञ्चालन गरिने लक्ष राखिएको छ । यसका लागि साझेदार संस्थाको रुपमा एक सझौतासमेत सम्पन्न भएको छ ।**

- सुदुरपश्चिम प्रदेशका ६ वटा स्थानिय तहका निर्वाचित महिला जनप्रतिनिधिहरुको क्षमता विकासका लागि एकिकृत क्षमता विकास र कार्यान्यनको तहमा सहयोग गर्ने ।
- एकिकृत आवश्यक्ता पहिचानको कार्य संचालन गर्ने ।
- एकिकृत आवश्यक्ता पहिचानको आधारमा अनुगमन र मुल्याकंनको खाका सहितको वृहत क्षमता विकास योजना निर्माण गर्ने ।
- महिला राजनितिक शसक्तिकरण र लैंगिक उत्तरदायी समावेशि सरकार सम्बन्धि तालिम निर्देशिका तयार गर्ने ।
- महिला नेतृत्व सम्बन्धि तालिम संचालन गर्ने ।
- शिकाई भ्रमण कार्यक्रमहरु ।
- अपांगता भएका व्यक्तिहरुको अधिकार सुनिश्चिताका लागि स्थानिय समुन्वय समिति स्थापना गर्न सहयोग र पैरवी कार्यक्रम संचालन ।
- लैंगिक उत्तरदायी सरकार सम्बन्धि २ दिने  पुरुष लक्षित तालिम संचालन ।
- लैंगिक समानता र महिला सशिक्तिरण प्रवद्धनका लागि निर्वाजित जनप्रर्तिनिधि, राष्ट्सेवक कर्मचारी र समुदाय स्तरका नेतृतवसँग अन्तरसंवाद कार्यक्रम संचालन गर्ने ।
- सुदुर पश्चिम प्रदेशमा अपांगता भएका व्यक्तिको विकासका लागि उक्त क्षेत्रमा रहेका संघ संस्था र संजालद्धारा समुहीक कार्य गर्न एकिकृत क्षमता विकास र सम्बन्ध विकास र प्रवद्धन सम्बन्धि कार्यक्रम संचालन गर्ने ।
- अपांगता भएका व्यक्तिको क्षेत्रमा कार्यरत संघ संस्थाको एकिकृत तालिम आवश्यक्ता पहिचान गर्ने।
- अपांगता भएका व्यक्तिको क्षमता विकास सम्बन्धि तालिम निर्देशिका तयार गर्ने ।

- स्थानिय ६ तहका महिला अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरुका लागि महिला नेतृत्व विकास र लैंगिक उत्तरदागि सरकार सम्बन्धि २ दिने तालिम अधिमुखिकरण कार्यक्रम संचालन ।
- राष्ट्रिय स्तरमा निर्वाचित प्रतिनिधिहरु र निति निर्माताहरु संग अन्तरक्रिया कार्यक्रम संचालन ।
- लैंगिक समानता र महिला सशिक्तिरण सम्बन्धि सार्वजनिक सुनुवाई कार्यक्रम संचालन ।
- स्थानिय संचारकर्मीहरुलाई लैगिक संबेदनशिल रिर्पोटिंङ सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन आदी ।

**३. मानव अधिकार प्रवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार संस्थाहरुको प्रभावकारीता**

- राष्ट्रिय मानवअधिकार संस्थाहरुको भूमिका र कार्यादेशका विषयमा नागरिक संस्थाहरुलाई अभिमुखीकरण गर्ने ।
- मानवअधिकारको पूर्वद्धनका लागि राष्ट्रिय मानवअधिकार संस्था र नागरिक संस्थाहरुवीच अर्न्तक्रिया गर्ने ।
- राष्ट्रिय मानवअधिकार संस्थाको भूमिकाका सम्वन्धमा संघीय व्यवस्थापिका संसदसँग छलफल र सम्बादका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- मानवअधिकार सम्वन्धी अर्न्तराष्ट्रिय सन्धीको दायित्व र राष्ट्रिय मानवअधिकार संस्थाको भूमिकाका सम्वन्धमा छलफल गर्ने ।
- राष्ट्रिय मानवअधिकार संस्थाका सिफारिस कार्यान्वयका लागि नागरिक समन्वय गर्ने ।
- बहुसरोकारवाला निकायहरुसँग क्षतिपूर्ति र परिपूरणका सम्वन्धमा दिइएका सुझाव कार्यान्वयनका सम्वन्धमा छलफल र परामर्श गर्ने ।
- मानवअधिकार उल्लंघनका घटनाहरुको अनुगमनगर्ने र सार्वजनिक सरोकारकाविषयमा पैरवीगर्ने ।
- जवाफदेहीता अभिबिद्धीका नीतिगत सहयोग तथापैरवीगर्ने ।

**४. संस्थाको नियमित गतिविधि अर्न्तगत सार्वजनिक सरोकारको रिट निवेदनमा निरन्तरता:**
संस्था सुरु भएदेखि हालसम्म संस्थाको तर्फबाट सार्वजनिक सरोकारका विषयमा रिट निवेदन दायर गर्ने र नियमितरुपमा प्रतिनिधित्व गर्ने कार्यमा यस बर्ष पनि निरन्तता दिइनेछ भने अन्य निकायसँगको सहकार्यमा संयुक्तरुपमा रिट निवेदन समेत दायर र पैरवी गरिनेछ । संस्थाको पहलमा दाएर गरिएका सार्वजनिक सरोकारका विषयका रिट निवेदन उपर अदालतका सकारात्मक आदशहरुको कार्यान्वयनको लागि पनि पहल गरिनेछ ।

**५. समन्वय र सहकार्यको निरन्तरता** : विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुको समन्वयमा मानव अधिकार, शान्ति र न्यायका लागि विभिन्न तहमा वकालत र पैरवी गर्नुका साथै विभिन्न संयन्त्र तथा सञ्चालहरुमा संस्थागत सहभागिता गर्नुका साथै संयुक्त वकालतका लागि नीतिगत तथा कार्यगतरुपमा सहकार्य र समन्य गनिरेछ।

**<u>अन्त्यमा</u>**

जुरी- नेपालको कार्यसमितिमा रही कार्य गर्ने जिम्मेवारी प्रदान गर्नुभएकोमा तथा कार्य समितिलाई सफलतापूर्वक कार्य सम्पादन गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण कार्यकारी समितिका पदाधिकारी,संस्थापक तथा साधारण सदस्यज्यूहरूसबैमा कार्यसमितिको तर्फबाट हार्दिक कृतज्ञता तथा

धन्यवाद ज्ञापन गर्दछु । हालसम्म जुरी-नेपालसँग सहकार्य गर्ने तथा जुरीलाई सहयोग गर्नुहुने सबै सरकारी निकाय तथा विकासका साझेदार संस्थाहरु Governance Facility,IM Swidish Develpment Partnerतथा UNICEF, Internatinal Center for Transitional Justice, TRIAl International, Center for Reproductive Rights (CRR), Alliance for Social Dialogue (ASD),एवं अन्य दातृ निकाय एवं साझेदार संस्था, नागरिक समाज, संचारकर्मी एवं सहयोगी र शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दै जुरी-नेपालको संस्थागत विकास तथा परियोजना संचालनका लागि सहयोग गर्नुहुने सबै परामर्शदाता, विषय बिशेषज्ञ तथा कर्मचारी साथीहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु । साथै बार्षिक प्रतिवेदन तयारीका लागि बिशेष सहयोग गर्नुहुने सबै साथीहरुलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

मानवअधिकारलाई दिर्घकालिनरुपमा स्थापना गर्दै विभेदरहित समतामुलक समाज निर्माणमा जुरीको योगदान यहाँहरुसँगको सकृय सहभागिता तथा सहयोगमा निर्भर रहने व्यहोरा अवगत गराउंदै **सहयोगका लागि सबैलाई धन्यवाद व्यक्त गर्दछु ।**

अधिवक्ता पंकजकुमार कर्ण
महासचिव, जुरी- नेपाल
१० असोज, २०७६